# प्रदेश नं ५ सरकारले यसरी मनायो निजामती सेवा दिवसः

प्रदेश नं ५ सरकारले १६ औ निजामती सेवा दिवस भव्यताका साथ मनाएको छ । दिवसका अवसरमा भाद्र २२ गते विहान ७ बजे प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुमा कार्यारत सम्पूर्ण निजामती कर्मचारीहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उपस्थित भई यस वर्षकालागि तय गरिएको नारा "सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन" लेखिएको व्यानर सहित बुटवल बजारमा प्रभातफेरी गरिएको थियो ।प्रभातफेरी कार्यक्रम मुख्यमन्त्री कार्यालयबाट सुरु भएर हाटबजार लाईन, अमरपथ, पुष्पलाल पार्क, ट्राफिकचोक हुँदै पुनः मुख्यमन्त्री कार्यालयमा आएर सभामा परिणत भएको थियो ।सभालाई सम्बोधन गर्दै प्रदेश सरकारका प्रमुख सचिव तोयानारायण ज्ञवालीले सम्पूर्ण निजामती कर्मचारीहरुलाई दिवसको अवसरमा शुभकामना दिनुभएको थियो ।कर्मचारीको व्याक्तित्व विकास उसले गर्ने कामको माध्यमबाट हुने बताउदै उहाँले सम्पूर्ण कर्मचारीहरुलाई काममा दत्तचित्त भएर लाग्न र प्रदेश सरकारले लिएको नारा "समृद्ध प्रदेश सुखी जनता" लाई सार्थक बनाउन निर्देशन दिनुभएको थियो ।सो अवसरमा हरेक मन्त्रालयबाट उत्कृष्ट हुने कर्मचारीहरुको घोषणासमेत गरिएको थियो। दिवसकै अवसरमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बुटवलको मैनाबगरमा रहको वृद्धा आश्रममा फलफूल वितरण गरेको छ ।त्यस्तै आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश निजामती सेवा गठन र कर्मचारी समायोजन सम्बन्धी विषयमा परिसंवाद कार्यक्रमको आयोजना गरेको छ ।दिवसकै अवसरमा भाद्र २३ गते सामाजिक विकास मन्त्रालयको संयोजनमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ भने उधोग, पर्यटन बन तथा बातावरण मन्त्रालयले बुटवलको सिद्धबाबा स्थित रामापिथेकश पार्कमा वृक्षारोपण कार्यक्रम गरेको छ ।

निजामती सेवा दिवसका केही तस्विरहरुः







vivo
Durga Bhagwati Trade Link
SAMSUNG | Galaxy
SONY
oppo
"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
निजामती सेवा दिवस
भाद्र २२, २०७६
प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल


SAMSUNG
"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
निजामती सेवा दिवस
भाद्र २२, २०७६
प्रदेश सरकार
प्रदेश नं. ५
मन्त्रालय
बुटवल, नेपाल